**Patan Pragya** *(Volume: 10, Number: 1, 2022)* *ISSN 2594-3278*

Received Date: April 2022 Revised: June 2022 Accepted: July 2022

*Doi-https://doi.org/10.3126/pragya.v10i01.50803*

# स्नातक तहको ऐच्छिक नेपालीमा उपन्यास शिक्षण

**डा. ढुण्डिराज पहाडी***

**लेखसार**

प्रस्तुत अध्ययन ऐच्छिक नेपालीअन्तर्गत स्नातक तहका निम्ति निर्धारित साहित्यिक विधा उपविधाको पाठ्यांशमध्ये 'आधुनिक नेपाली उपन्यासको अध्ययन' शीर्षकको पाठ्यांश र त्यसको शिक्षणसँग सम्बद्ध छ । स्नातक तहको ऐच्छिक नेपाली खण्डमा पाठ्यांश कोड ४२१ मा समेटिएका आधुनिक नेपाली कथा, उपन्यास र नाटकमध्ये ३० पूर्णाङ्कको पाठ्यभार निर्धारण गरी प्रस्तुत विषयको शिक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ । स्नातक तहको प्रथम वर्षमा अध्ययन हुने विवेच्य विषयको प्रभावकारी शिक्षण र त्यसका निम्ति आइपर्ने समस्याको विमर्शमा समेत प्रस्तुत अध्ययन केन्द्रित छ । उपन्यासमा अनुभूतिका साथसाथै विचार वा बौद्धिकताको समेत प्रस्तुति हुन्छ । उपन्यासको भाषिक विशिष्टता, बौद्धिकता र प्रयोगशीलताले यसको शिक्षणमा जटिलता पैदा भएको पाइन्छ । विश्वसाहित्यकै नवीन र लोकप्रिय विधा उपन्यासलाई स्नातक तहका विद्यार्थीलाई तहअनुरूप शिक्षण गर्न चुनौतीपूर्ण देखिन्छ । त्रि.वि. को स्नातक तहको ऐच्छिक नेपालीमा निर्धारित पाठ्यक्रम, पाठ्यभार, उपन्यासको पाठ्यवस्तु आदिका आधारमा प्रस्तुत अध्ययनमा विषयको विश्लेषण गरिएको छ । नाटक, कविता जस्ता विधाका तुलनामा उपन्यास खुल्ला, सीमाहीन तथा बन्धनमुक्त रचना भएका कारण यसको शिक्षण र विश्लेषणमा चुनौती उत्पन्न भएको हो भन्ने प्रस्तुत अध्ययनको मूल निष्कर्ष रहेको छ ।

**शब्दकुञ्जी** ः औपन्यासिक शिल्पविधान, विधा भञ्जन, विधागत सापेक्षता, कथ्य, आस्वादन ।

**विषयपरिचय**

साहित्यको पठन र आस्वादनले व्यक्तिको आत्मिक, बौद्धिक र संवेगात्मक क्षमतामा वृद्धि भएको पाइन्छ । आनन्दको अनुभूति पैदा हुने र मानवीय संवेदना एवम् मर्मको बोधबाट व्यक्तिको संस्कारको परिष्कार र सन्तुलन हुने भएकाले उच्च शिक्षामा साहित्यिक विधाको पठनपाठनको महत्त्व देखिएको हो । त्रिभुवन विश्वविद्यालयको वर्तमान चार बर्से पाठ्यक्रमले ऐच्छिक नेपाली खण्डमा स्नातक तहको पहिलो वर्षमै १०० पूर्णाङ्कको आधुनिक नेपाली कथा, नेपाली उपन्यास र नेपाली नाटक विधालाई पठनपाठन गराउने व्यवस्था गरेको छ । कुल १०० पूर्णाङ्कमध्ये नेपाली उपन्यासलाई ३० पूर्णाङ्कको पाठ्यभार निर्धारण गरेको देखिन्छ । विविधतापूर्ण नेपाली जीवनका बहुमुखी छविलाई विद्यार्थीले आत्मसात् गरुन् भन्ने विशिष्ट उद्देश्य राखेर 'मुलुक बाहिर', 'अनिदो पहाडसँगै', 'तीन घुम्ती' र 'उलार' समेत जम्मा पाँच उपन्यासलाई स्नातक तहको ऐच्छिक नेपालीमा निर्धारण गरिएको छ । साहित्यका मुख्य विधाका सापेक्षतामा उपन्यासको मौलिक विधागत स्वरूप, यसका शैलीशिल्प, आधुनिक नेपाली उपन्यासको विकास प्रक्रियाका चरणगत मोड, मुख्य प्रवृत्ति र प्रमुख प्रतिभाको बोध र विश्लेषण गराउने पाठ्यक्रमको उद्देश्य देखिन्छ । स्नातक तहको ऐच्छिक नेपालीको पाठ्यक्रमले निर्धारित उपन्यास कृतिको पठन, बोध र आस्वादन गराउँदै उपन्यासका कथावस्तु, चरित्र, परिवेश, दृष्टिबिन्दु, उद्देश्य, भाषाशैली तथा बिम्बप्रतीकसम्बन्धी विशेषताको विवेचना गराउने प्रयोजन राखेको छ ।

---

*उप प्राध्यापक डा. ढुण्डिराज पहाडी पाटन संयुक्त क्याम्पस नेपाली विभागमा कार्यरत हुनुहुन्छ ।

उपन्यासलाई साहित्यको नवीनतम विधा मानिएको छ । यस विधालाई गतिशील, जीवन्त, लचिलो र प्रयोगशील विधाका रूपमा लिइन्छ (दाहाल, २०५५, पृ. १३९) । उपन्यासलाई बुझाउन अङ्ग्रेजीमा 'नोभेल' शब्दको प्रयोग गरिन्छ । यसबाट पनि उपन्यास नवीन विधा नै भएको सङ्केत पाइन्छ । नाटक र कविता साहित्यका प्राचीन विधा हुन् । यिनका बारेमा लामो सैद्धान्तिक अध्ययन र चिन्तन पाइन्छ । कविता र नाटकका तुलनामा उपन्यासको सैद्धान्तिक परम्परा छोटो रहेको देखिन्छ । उपन्यासको स्वरूपगत विविधता र विचलनले पनि यसको शिक्षणमा जटिलता उत्पन्न हुनु स्वाभाविक देखिन्छ । उपन्यास गद्य साहित्यको बृहत् आकारको संरचना भएको विधा हो । यसको निर्मितिमा नाना लघु घटकहरूको समायोजन भएको देखिन्छ । यसै कारणले उपन्यासको विश्लेषण पनि जटिल भएको हो । उपन्यासलाई अरू विधाभन्दा मुक्त र विराट् साहित्यिक रूप पनि मानिन्छ । साहित्यका नियम वा बन्धनमा नबाँधिने भएकाले उपन्यासलाई मुक्त विधा भनिएको हो (शर्मा, २०५५, पृ. ४५१) । साहित्यका महाकाव्य, कथा, नाटक, निबन्ध आदि रूपहरूलाई उपन्यासले आफ्ना ढाँचाभित्र समाहित गर्ने भएकाले यसलाई विराट् साहित्यिक रूप पनि भनिन्छ । यसलाई अत्यन्त उर्वर, समावेशी र प्रयोगशील विधाका रूपमा लिइन्छ । विश्वसाहित्य र नेपाली साहित्य दुवैतिर उपन्यास अत्यधिक प्रयोग बेहोर्ने विधा भएकाले यसको शिक्षण र विश्लेषण जटिल हुँदै गएको छ ।

अहिले आख्यानको उत्तरोत्तर क्षीणता देखिन थालेको छ । कथाहरू कथानक क्षीण हुँदै गएर अकथा बन्न थालेका छन् भने उपन्यास पनि आख्यानको क्षीणताका क्रममा अउपन्यास वा प्रत्युपन्यास बन्दै गएका छन् (त्रिपाठी, २०६६, पृ. २१८) । आख्यानात्मक विधा कथा र उपन्यासले देखाएको आख्यानगौणताले गर्दा यी विधामा अत्यधिक प्रयोगशीलता भेटिएको हो । उपन्यास स्रष्टाका अनुभूतिको कथानककेन्द्री कथन भएकाले यसले सूक्ष्म कथानक देखाए पनि आख्यानको प्रभुत्व वा प्रभावका आधारमा यसको विश्लेषण गरिन्छ । कथयिता लेखकले जीवन जगत्का अनुभवलाई विशुद्ध अनुभूतिका स्तरमा आफ्ना पाठकसमक्ष नराखी परिवेश, घटनाव्यापार र पात्रविधानका संयुक्त स्वरूपमा आख्यानात्मक कथन गर्नु कथा वा उपन्यासको सिर्जना गर्नु हो । आख्यानको आयामले आख्यानात्मक विधाको स्वरूप निर्धारण गर्दछ । जीवनको एक खण्डको दिग्दर्शन गर्छ भने त्यो आख्यान कथाको स्वरूपमा प्रकट हुन्छ तर बृहत्तर जीवनको विराट् प्रवाहतर्फ आख्यान गयो भने त्यसले उपन्यासको जन्म गराइदिन्छ । उपन्यासले नवप्रयोगलाई आत्मसात् गर्दै आफ्नो स्वरूप पनि भिन्न बनाउँदै लगेकाले यसको विवेचनामा नवीन दृष्टिको आवश्यकता देखिँदै आएको छ । उपन्यासमा शिल्पपद्धतिको नवीन प्रयोगकै क्रममा स्वैरकल्पनाको प्रयोग पनि देखिएको हो । स्वैरकल्पनाले यथार्थलाई नयाँ दृष्टिबाट प्रस्तुत गर्छ । यसलाई साहित्यमा वास्तविकतालाई प्रकट गर्ने नयाँ दृष्टि भनिन्छ । यथार्थसँग पूरै आबद्ध हुने स्वैरकल्पनालाई पनि उपन्यासको नयाँ रूप र नवप्रयोग मानिएको छ ।

उपन्यासको पाठ्यवस्तुको शिक्षण मूलतः सिद्धान्त, इतिहास र विश्लेषण तथा मूल्याङ्कन जस्ता तीन तहमा आधारित हुन्छ । यसको शिक्षण प्रक्रियामा पनि यी तीनै पक्षलाई क्रमशः उपयोग गरिन्छ । विश्लेषण र मूल्याङ्कनभित्र उपन्यास तथा उपन्यासकार दुवैको विश्लेषण र मूल्याङ्कन समेटिन्छ । विधागत सिद्धान्तको जानकारी गराउन र उपन्यास तथा उपन्यासकारको विश्लेषण तथा मूल्याङ्कनका निम्ति सिद्धान्तको शिक्षण गरिन्छ । स्नातक तहको चार बर्से पाठ्यक्रमले महत्त्वका साथ निर्धारण गरेको प्रयोगशील विधा उपन्यासको शिक्षणसम्बन्धी उक्त तीन पक्षका सन्दर्भमा वस्तुनिष्ठ रूपमा गहन र प्राज्ञिक विमर्श भएको छैन । यही अभावलाई पूरा गर्ने उद्देश्यले प्रस्तुत अध्ययन अगाडि बढाइएको हो । अन्य साहित्यिक विधाका सापेक्षतामा सीमामुक्त, प्रतिबन्धरहित र प्रयोगशील विधाका रूपमा चिनिने उपन्यास विधालाई स्नातक तहको शिक्षण गर्दा उत्पन्न हुने जटिलताका कारणमाथि प्रमुख जिज्ञासा राखी प्रस्तुत अध्ययन गरिएको हो ।

## अध्ययनको विधि

गुणात्मक प्रकृतिको प्रस्तुत अनुसन्धानात्मक लेखका निम्ति सामग्री सङ्कलन कार्यमा पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ । त्रिभुवन विश्वविद्यालयको चारबर्से स्नातक तहका निम्ति निर्धारित प्रथम वर्षको ऐच्छिक नेपाली

विषयको पाठ्यक्रम र त्यसले व्यवस्था गरेको 'आधुनिक नेपाली उपन्यासको अध्ययन' अन्तर्गतका 'मुलुक बाहिर', 'अनिदो पहाडसँगै', 'तीन घुम्ती', 'अप्रिय' र 'उलार' उपन्यासहरूलाई यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ। पाठ्यक्रमको सैद्धान्तिक अवधारणा स्पष्ट पार्ने ग्रन्थहरू र समालोचनाका पुस्तकहरूलाई प्रस्तुत अध्ययनका द्वितीयक सामग्री मानिएको छ । विवेच्य विषयमा मूल प्राज्ञिक जिज्ञासाका रूपमा प्रस्तुत दाबीको विश्लेषण गर्दा मूलतः विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । सङ्कलित तथ्यहरूको अर्थापनमा निगमनात्मक विधिको उपयोग भएको छ । यस अध्ययनमा साहित्यिक विधा सिद्धान्तको अवधारणालाई पनि आधार बनाइएको छ।

**उपन्यासको सैद्धान्तिक अवधारणा**

साहित्यका चार ओटा मूल विधा छन् । निबन्ध, आख्यान, नाटक र कविता साहित्यका प्रमुख विधामध्ये कथा र उपन्यास आख्यानका उपविधा हुन् । स्रष्टाले आफ्नो अनुभूतिलाई पाठकसमक्ष प्रत्यक्ष रूपमा अभिव्यक्त गर्दछ भने त्यस्तो अभिव्यक्ति लयात्मक भए कविता र लयात्मक नभए निबन्ध बन्दछ । स्रष्टाले आफ्नो अनुभूति आख्यानीकरण गरेर कल्पित घटना, पात्रपात्राहरू आदिका माध्यमले अप्रत्यक्ष रूपमा अभिव्यक्त गर्छ भने त्यो लयात्मक भए खण्डकाव्य, महाकाव्य र लयात्मक नभए कथा वा उपन्यास बन्दछ । यस्तो अभिव्यक्ति अप्रत्यक्ष रूपमै काल्पनिक रूपमा खडा गरिएका प्रत्यक्ष दृश्य पात्रपात्रका माध्यमबाट अभिव्यक्त गरिए लयात्मक भए पद्यनाटक र लयात्मक नभए गद्यनाटक बन्दछ (जोशी, २०४०, पृ. ४–५) । माथिको मतमा कविता र निबन्धलाई प्रबल वैयक्तिक विधा र कथा, उपन्यास र नाटकलाई कम वैयक्तिक विधाका रूपमा चिनाइएको छ । रचनाकारले पाठक वा भावकसँग प्रत्यक्ष अभिव्यक्ति गर्ने विधा निबन्ध र कविता हुन् भने अप्रत्यक्ष अभिव्यक्ति हुने नाटक र आख्यान हुन् भन्ने स्पष्ट भएको छ । त्यसर्थ उपन्यास पनि अनुभूतिको अप्रत्यक्ष अभिव्यक्ति हुने विधाका रूपमा चिनिएको छ।

उपन्यासलाई विश्वसाहित्यमा कसरी चिनाइएको छ भन्ने चर्चा गर्न पाश्चात्य चिन्तक वेब्स्टरको मतलाई लिन सकिन्छ । यस मतलाई चर्चित परिभाषा मानिन्छ । उपन्यास एउटै कथानकअन्तर्गत यथार्थ जीवनको निरूपणको प्रयास गर्ने पात्रहरू र तिनका क्रियाकलापको चित्रण गर्ने आख्यान हो भन्ने वेब्स्टरको मत छ । यस परिभाषामा उपन्यासलाई चिनाउने सबै बुँदा समेटिएका छन् । उपन्यास आख्यान हो र त्यो आख्यानमा यथार्थ जीवनको निरूपणको प्रयास गर्ने पात्रहरू र तिनका क्रियाकलापको चित्रण हुन्छ भनेर चरित्र, जीवनको यथार्थ र कल्पित घटना उपन्यासका मूल घटक हुन् भन्ने आशय प्रस्तुत मतमा पाइन्छ । ई.एम. फोस्टरले पनि उपन्यासलाई चिनाउन मौलिक परिभाषा प्रस्तुत गरेका छन् । हालको जटिल एवम् सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानव जातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो भन्ने फोस्टरको मत रहेको छ (बराल र एटम, २०५६, पृ. ७)।

मानिसको सङ्कटग्रस्त बहुआयामिक जीवनको प्रतिनिधिमूलक सिर्जनात्मक अभिव्यक्तिका रूपमा फोस्टरले उपन्यासको चिनारी गराएका छन् । डी.एच. लरेन्स उपन्यासले मानव जीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महिमा अन्य कला र साहित्यभन्दा स्वाभाविक रूपले बढी देखिन्छ भन्छन् । उनले उपन्यासलाई जीवनको सिङ्गो र सग्लो रूपको कलात्मक चित्रण मानेका छन् । उपन्यासलाई चिनाउने सन्दर्भमा नेपाली समालोचनाहरूले आफ्ना मौलिक मत प्रस्तुत गरेका छन् । नेपाली साहित्यका आख्यान चिन्तक मोहनराज शर्माले मानवीय जीवनको चित्रण गर्ने विशालकाय आख्यानात्मक गद्यसंरचनालाई उपन्यास भनेका छन् । समालोचक कृष्णचन्द्रसिंह प्रधानले उपन्यासलाई मानव जीवनकै सम्पूर्णताको अभिव्यक्ति हो भन्ने विचार प्रकट गरेका छन् । वासुदेव त्रिपाठीले उपन्यासलाई कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताद्वारा सिर्जित महान् विधा भनेका छन्।

उपन्यासमा इतिहासदेखि वर्तमानसम्मको यथार्थको प्रस्तुति हुन्छ । उपन्यास जीवनको कलात्मक अभिव्यक्ति हो । उपन्यासको प्रस्तुतिमा सामाजिक यथार्थ पनि कलात्मक रूपमा संप्रेषित हुन्छ । उपन्यास गद्यमा लेखिने आख्यान हो । यिनै

मूल बुँदाहरूलाई माथिका परिभाषाले समेटेका छन् । उपन्यास मानव र मानव समाजको यथार्थलाई कलात्मक शैलीमा अभिव्यञ्जित गर्ने आख्यान हो भन्ने निष्कर्ष प्रस्तुत मतहरूको मन्थन गर्दा प्राप्त भएको छ ।

उपन्यासका आधारभूत ६ तत्त्वहरू देखिन्छन् । कथानक, चरित्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र उद्देश्य उपन्यासका आधारभूत तत्त्व हुन् । कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । चरित्र भनेको उपन्यासका सहभागी पात्रहरू हुन् । परिवेशले उपन्यासमा प्रयुक्त समय र ठाउँलाई बुझाएको हुन्छ । उपन्यासमा कथयिताले कथावाचनका निम्ति कहाँनेर उभिने भनी रोजेको स्थान नै दृष्टिबिन्दु हो । भाषा उपन्यासको माध्यम हो । उपन्यासमा अभिव्यक्तिको ढङ्ग वा ढाँचालाई शैली भनिन्छ । उपन्यासको प्रयोजनलाई उद्देश्यका रूपमा चिनाइन्छ । यी ६ ओटा आधारभूत तत्त्वलाई पनि स्थूल तत्त्व र सूक्ष्म तत्त्व भनेर दुई किसिमले विभाजन गरिन्छ । उपन्यासको कथानक, चरित्र र वातावरणलाई स्थूल तत्त्व र भाषा, शैली र उद्देश्यलाई सूक्ष्म तत्त्व का रूपमा चिनाइन्छ । आधुनिक उपन्यासको शास्त्रले कथानक, चरित्र, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब जस्ता तत्त्वहरूका आधारमा उपन्यासलाई चिनाएको छ ।

प्रस्तुत अध्ययनका सन्दर्भमा उपन्यासको आद्योपान्त सैद्धान्तिक विवरण आवश्यक देखिँदैन । स्नातक तहको ऐच्छिक नेपालीमा निर्धारित पाठ्यक्रमले उपन्यास शिक्षणको व्यवस्था गरेअनुसार उपन्यासका प्रकारलाई परिचयात्मक रूपमा विद्यार्थीलाई जानकारी दिनु उचित देखिन्छ । शिक्षणका क्रममा सैद्धान्तिक चिनारीको प्रयोजनका निम्ति शिक्षार्थीलाई उपन्यासको वर्गीकरण र अन्य विधासँग यसको साम्य वैषम्यको पनि अवधारणा दिनु आवश्यक ठानिन्छ । उपन्यास वर्गीकरणका मूल आधार विषयवस्तु र शिल्प हुन् । साहसिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक, राजनीतिक, आञ्चलिक, मनोवैज्ञानिक, वैचारिक, जीवनमूलक, विज्ञानमूलक, जासुसी, मिथकीय जस्ता भेदहरू विषयवस्तुगत वर्गीकरणअन्तर्गत समेटिन्छन् । त्यसै गरी वर्णनात्मक, आत्मकथात्मक, पत्रात्मक, डायरी, चेतनाप्रवाह शैलीका उपन्यास जस्ता प्रकारहरू शिल्पका आधारमा वर्गीकृत उपन्यास हुन् । धारागत आधारमा पनि उपन्यासको वर्गीकरण गरिन्छ (बराल र एटम, २०५६, पृ. ५७) । आदर्शवादी, सामाजिक, आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, प्रगतिवादी, आलोचनातमक यथार्थवादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी, अस्तित्ववादी, प्रकृतवादी, अतियथार्थवादी, प्रयोगवादी, मिथकीय, नारीवादी जस्ता उपन्यासका प्रकारहरू धारागत आधारमा वर्गीकरण भएका हुन् । उपन्यासलाई व्यङ्ग्य उपन्यास, छद्मभेषी उपन्यास, तार्किक उपन्यास, गोथिक उपन्यास, धाराबाहिक उपन्यास, अधिउपन्यास, अउपन्यास जस्ता नवीन र अत्याधुनिक भेदमा पनि विभाजन गरिएको पाइन्छ । साहित्यका अन्य विधाका सापेक्षतामा पनि उपन्यासलाई चिनाउनु शिक्षणका दृष्टिले प्रभावकारी मानिन्छ । साहित्यको आख्यानात्मक विधा भएका कारण उपन्यासको निकटतम सम्बन्ध कथातत्त्वको स्वरूपमा चिनिने समाख्यानात्मक विधासँग हुन्छ । त्यसर्थ कथा, नाटक र महाकाव्यसँग उपन्यासको तुलना गर्नु उचित देखिन्छ । कथा र उपन्यासमा आयाम वा आकारको मूल भिन्नता देखिन्छ । एउटै प्रतिपाद्य विषयमा कथा केन्द्रित हुन्छ भने विविध र व्यापक विषयवस्तुको प्रस्तुतिमा उपन्यास फिँजारिन्छ । विशालता वा विस्तारित आयाममा दुई वा दुईभन्दा बढी कथानक लिएर जीवनको विराट् चित्रण उपन्यासले गर्छ भने एउटै कथानकमा थोरै पात्रको प्रस्तुति सहित जीवनको सानो आयामको चित्रण गर्ने रचना कथा हो ।

उपन्यासको साम्य वैषम्य नाटकसित पनि गर्न सकिन्छ । साहित्यको अत्यन्त प्राचीन विधा नाटकमा समयका साथसाथै विषयको पनि सीमा हुन्छ । उपन्यास आधुनिक विधा हो । उपन्यासले जीवनको विविधतालाई सम्पूर्णताका साथ प्रस्तुत गर्दा विषय, समय, भाषा, शिल्प, कथ्य, चरित्र कुनै पनि पक्षको सीमामा खुम्चनु पर्दैन । संवादको मूल माध्यममा नाटक व्यक्त हुन्छ तर उपन्यासमा संवाद भए पनि यसको स्वरूप वर्णनात्मक नै हुन्छ । नाटकको जस्तो रङ्गमञ्चीय सीमामा उपन्यास खुम्चिँदैन । नाटक र उपन्यास दुवैमा पात्र, भाषाको प्रयोग, समाख्यानात्मकता पाइए पनि यी दुईमा साम्यभन्दा वैषम्य बढी देखिन्छ ।

उपन्यास र महाकाव्य पनि तुलनात्मक दृष्टिले साम्य र वैषम्य देखिने विधा मानिन्छन् । यी दुवै विधा बृहत् आयाम र विशाल संरचनामा अभिव्यक्त हुन्छन् । जीवनको विराट् स्वरूपको चित्रण गर्नु दुवैको मूल उद्देश्य हो । चरित्रको व्यापकता आख्यानको अनिवार्यता, व्यापक परिवेशको प्रयोग दुवै विधामा देखिने समानता हुन् । उपन्यास अत्याधुनिक विधा हो भने महाकाव्य साहित्यकै बुढो पुरानो विधा मानिन्छ । उपन्यास गद्यमा लेखिन्छ तर महाकाव्य पद्यमा लेखिने विधा हो । महाकाव्य रूढ नियम र नियन्त्रणमा बाँधिएर लेखिन्छ तर उपन्यास रूढ नियमको बन्धनमा सीमित हुँदैन । यथार्थका दृष्टिले उपन्यास प्रभावशाली विधा हो । महाकाव्यमा जीवनको यथार्थभन्दा बढी आदर्शको चित्रण भएको पाइन्छ ।

नेपाली विषयमा स्नातक तहको वर्तमान पाठ्यक्रमले उपन्यासको शिक्षणमा साहित्यका मुख्य विधाका सापेक्षतामा यसको साम्य वैषम्यको विमर्श गर्नु पर्ने सङ्केत गरेकाले उपन्यासको मूल स्वरूपको चिनारीमा साहित्यका समाख्यानात्मक विधासित तुलना गर्नु वस्तुगत र उचित देखिन्छ । उपन्यासविधाको शिक्षणमा विद्यार्थीलाई यसको सैद्धान्तिक पक्षसित पनि परिचित गराउनु यस विधाको विस्तृत ज्ञान आर्जनका दृष्टिले उत्तम मानिन्छ ।

**उपन्यासको पाठ्यवस्तु**

स्नातक तहको ऐच्छिक नेपालीअन्तर्गत मूलतः तीन प्रकारका पाठ्यवस्तु उपन्यास शिक्षणमा राखिएका छन् । ती तीन किसिमका पाठ्यवस्तु हुन् ः (१) उपन्यासको सिद्धान्त, (२) इतिहास र (३) उपन्यासकार तथा तिनका उपन्यासको विश्लेषण । यी तीन थरी पाठ्यवस्तुमध्ये तेस्रो चाहिँ दुई भागमा बाडिन्छ ः (१) उपन्यासकारको विश्लेषण र मूल्याङ्कन तथा (२) उपन्यासको विश्लेषण र मूल्याङ्कन । सिद्धान्त, इतिहास र विश्लेषण तथा मूल्याङ्कन समेटेर तीनै थरी पाठ्यवस्तुलाई विद्यार्थीको आधारभूत ज्ञानका आधारमा उपन्यास शिक्षण अगाडिबढाइन्छ । उपन्यास सिद्धान्तअन्तर्गत उपन्यासको परिभाषा, तत्त्व, प्रकार र साहित्यका मुख्य विधाका सापेक्षतामा उपन्यासको विधागत स्वरूपबारे धारणा दिइन्छ । उपन्यासको इतिहास सिकाउँदा आधुनिक नेपाली उपन्यासको विकास प्रक्रियाका चरण, धारागत प्रवृत्ति र तिनका प्रमुख प्रतिभा र उपलब्धिको विश्लेषण गराइन्छ । उपन्यासकारका प्रवृत्तिगत विश्लेषण र औपन्यासिक कृतिको विवेचना गर्दा रचनाको पठन, बोध, आस्वादन र तिनको कथावस्तु, चरित्र, परिवेश, दृष्टिबिन्दु, उद्देश्य, भाषाशैली एवम् बिम्बप्रतीकसम्बन्धी विशेषताको विवेचना गरिन्छ । कृतिको विश्लेषणमा विषयवस्तु, भाषाशैली तथा कलागत विशेषताका आधारमा उपन्यासका विशिष्ट पङ्क्तिको सप्रसङ्ग व्याख्या समेत गर्नुपर्ने व्यवस्था स्नातक तहको हालको पाठ्यक्रममा पाइन्छ । आधुनिक नेपाली उपन्यासको बोध र विश्लेषणका लागि लैनसिंह बाङ्देलको 'मुलुक बाहिर', पारिजातको 'अनिदो पहाडसँगै', विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती', धुर्वचन्द्र गौतमको 'अप्रिय' तथा नयनराज पाण्डेको 'उलार' समेत पाँच ओटा उपन्यासलाई पाठ्यक्रमले निर्धारण गरेको छ । सामाजिक यथार्थवाद, प्रगतिवादी चिन्तन, मनोविश्लेषणको प्रयोग, प्रयोगवादी औपन्यासिक शैली समेतलाई बोध र विश्लेषण गराउने उद्देश्यले यी उपन्यासहरू पाठ्यक्रममा राखिएका छन् ।

उपन्यासको सिद्धान्त भनेको उपन्यासलाई विश्लेषण गर्ने खास दृष्टि पनि हो । कोरा सैद्धान्तिक जानकारी उपन्यास र उपन्यासकारको विवेचनाका लागि निरर्थक हुन्छ । उपन्यासका परिभाषै परिभाषा प्रस्तुत गर्नुभन्दा उपन्यासको स्वरूप झल्काउने बढी प्रचलित र मान्य परिभाषा प्रस्तुत गर्नुपर्दछ । उपन्यासको विषयवस्तु र शिल्पको चर्चा गरी वर्गीकरणको आधार पनि यसैलाई बनाउन सकिने तथ्यको जानकारी विद्यार्थीलाई गराउन सक्नु सैद्धान्तिक शिक्षणको उपादेयता हो । उपन्यासका प्रसिद्ध चिन्तकहरूका परिभाषा प्रस्तुत गरेर त्यसैलाई व्याख्या गर्दै औपन्यासिक तत्त्व र स्वरूपको बारेमा छलफल चलाउन सकिन्छ । एम.एच. अब्रम्जले उपन्यासलाई विस्तारित गद्याख्यानका रूपमा चिनाएका छन् (अब्रम्ज, सन् १९९९, पृ. १९०) । यही मतका आधारमा गद्य र पद्यमा प्रस्तुत हुने आख्यान तथा समाख्यानको पात्र, परिवेश र घटनाबारे विद्यार्थीलाई स्पष्ट रूपमा बताउन सजिलो हुन्छ । जे.ए. कडनले इटालियन भाषाको 'नोभेल्ला' बाट लिइएको 'नोभेल' शब्दले 'कथा' वा 'समाचारको अंश' भन्ने अर्थ दिन्थ्यो तर हिजोआज 'नोभेल' अर्थात् उपन्यासले विस्तारित गद्याख्यानलाई बुझाउँछ भन्ने आशय प्रकट

गरेका छन् (कडन, सन् १९९९, पृ. ५६०) । कडनको 'उपन्यास' शब्दको उत्पत्ति, ऐतिहासिकता र विस्तारित गद्याख्यानको मर्मलाई पनि उपन्यास शिक्षणमा उपयोगी एवम् आधिकारिक मतका रूपमा लिन सकिन्छ । एक जना उपन्यास चिन्तकको मात्र होइन अङ्ग्रजी, हिन्दी र नेपाली सबै साहित्यका उपन्यास सिद्धान्तसम्बन्धी मतलाई समन्वय गरेर उपन्यासको स्वरूप स्पष्ट पार्ने परिभाषा बनाउनु प्रभावकारी शिक्षणको अन्तक्रियात्मक क्रियाकलाप हो । यसरी समन्वित परिभाषा बनाउँदा विद्यार्थीको सक्रिय सहभागिता र प्रस्तुतिमा अग्रसरता जरुरी देखिन्छ ।

उपन्यासको वर्गीकरणमा पनि सिद्धान्तकै आधार लिइन्छ । उपन्यासका सामाजिक, मनोवैज्ञानिक, प्रगतिवादी जस्ता भेदहरू विषयगत हुन् र चरित्रप्रधान, घटनाप्रधान जस्ता भेद शिल्पगत हुन् भन्ने जानकारी पनि सैद्धान्तिक अध्ययनका सन्दर्भमा दिन सकिन्छ । उपन्यासको सैद्धान्तिक ज्ञानले विद्यार्थीमा विश्लेषणात्मक क्षमता बढाउँछ ।

उपन्यास शिक्षणमा इतिहास खण्डको जानकारी पनि अति आवश्यक देखिन्छ । उपन्यास विधाको प्रारम्भदेखि वर्तमान कालसम्मको परिवर्तन वा विकासक्रम नै इतिहास हो । विकासक्रममा देखिएका शैलीगत र विषयवस्तुगत परिवर्तनहरूलाई मोड वा चरण मानिन्छ । उपन्यासका धारागत प्रवृत्ति वा विशेषता पनि मोड वा चरणकै रूपमा समेटिन्छन् । इतिहास खण्डको शिक्षण गर्दा उपन्यास विधाको थालनीपूर्वको पृष्ठभूमि पनि आवश्यक पर्छ । कालविभाजनको आधारसहित चरणविभाजनको अवधारणा समेत उपन्यास शिक्षणको इतिहास खण्डमा जरुरी हुन्छ । प्रत्येक चरणमा देखिने औपन्यासिक कृति, प्रमुख उपन्यासकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय घटना आदिको मूलभूत जानकारी दिएर इतिहासको शिक्षण प्रभावकारी बनाइन्छ । विद्यार्थीलाई निश्चित मिति भन्न वा लेख्न असजिलो परे निकटतम मिति वा दशकका उपलब्धि लेख्न अभिप्रेरित गराउन सकिन्छ । उपन्यासको पाठ्यवस्तुमा सिद्धान्त र इतिहास खण्ड प्रमुख आधारका रूपमा देखिन्छन् ।

**उपन्यासको विश्लेषण र मूल्याङ्कन शिक्षण**

उपन्यास शिक्षणमा विश्लेषण र मूल्याङ्कन निकै चुनौतीपूर्ण मानिन्छ । विद्यार्थीमा समीक्षाचेतको आधारभूत ज्ञानबिना यसलाई प्रभावकारी ढङ्गले शिक्षण गराउन सकिन्न । शिक्षकमा समेत यस खण्डको शिक्षणका निम्ति समालोचकको भूमिकामा रहने क्षमता चाहिन्छ । सैद्धान्तिक ज्ञान, ऐतिहासिक ज्ञान र उपन्यासकार र उपन्यासका बारेमा विभिन्न समालोचकले व्यक्त गरेका मतको जानकारी र उपन्यास विधामा देखिएको विधाभञ्जनको जानकारी भएन भने पाठ्य उपन्यासको वस्तुनिष्ठ विश्लेषण र मूल्याङ्कन गर्दै शिक्षण अगाडि बढाउन सकिँदैन । विद्यार्थीहरू उपन्यासको कथावस्तु मात्र लेखेर विश्लेषण र मूल्याङ्कन गरेको भ्रम पालेर बस्ने तथा शिक्षक पनि उपन्यासलाई प्रश्नअनुसार वस्तु एवम् शिल्पका दृष्टिले वस्तुनिष्ठ विश्लेषण गर्न नसकेर उपन्यासको सतही र एकपक्षीय व्याख्यान गरिरहने स्थिति हट्न नसकेकाले उपन्यासको शिक्षण चुनौतीपूर्ण देखिएको हो । उपन्यासको पठनमा कथावस्तु, कथानक, चरित्र, परिवेश, दृष्टिबिन्दु, उद्देश्य, भाषाशैली जस्ता विशेषता पर्गेल्दै सघन पठन हुन सके विद्यार्थीले उपन्यासको बोध र आस्वादन राम्ररी गर्न सक्छन् । विद्यार्थीले कथावस्तुको सारांश मात्र लेख्न सक्ने क्षमता बोकेर उपन्यासको सर्वाङ्गीण ज्ञान प्राप्त गरेको भ्रम राख्नाले पठनमा समस्या देखिएको हो । उपन्यास भाषिक कला हो । यसको सन्देश वा अन्तर्वस्तुलाई आस्वाद्य बनाउन उपन्यासकारले के कस्ता शैलीगत रणनीति अपनाएको छ भन्ने समालोचकीय चेत शिक्षक र विद्यार्थी दुवैमा हुनु जरुरी देखिन्छ । राष्ट्रिय र सामाजिक जीवनका के कस्ता समस्याको प्रतिबिम्बन कस्ता कलागत उपकरणद्वारा गरिएको छ भन्ने सूक्ष्म ज्ञान उपन्यास शिक्षण गर्ने शिक्षकमा हुनु अपेक्षित छ । मानव अन्तःकरणको सूक्ष्म र विविध भावलाई आस्वादन गराउन साहित्य रचिन्छ । साहित्यकारको सिर्जना समाजको उत्पादन हो । हाम्रो नेपाली समाजको विविधतामय सांस्कृतिक छवि, नेपाली समाजको मनोविज्ञान, अनेक सामाजिक सन्दर्भ साहित्यले अभिव्यञ्जित गरेको हुन्छ । साहित्यको समाज प्रतिबिम्बित समाज हो । यही प्रतिबिम्बित समाज र वास्तविक समाजको सम्बन्ध साहित्यमा खोजिन्छ (गडतौला, २०७४, पृ. १३) । उपन्यासमा प्रतिबिम्बित समाजको सही विश्लेषण गर्दा उपन्यासकारले के कस्ता भाषिक विशिष्टताको प्रयोग गरेको छ भन्ने बोध शिक्षक विद्यार्थी दुवैमा हुनुपर्छ । भाषिक अलङ्कार,

घटनाका प्रतीकात्मक सन्दर्भ, बिम्बको सार्थक प्रयोग आदि उपन्यासकार तथा उपन्यासको विश्लेषण गर्दा सही ढङ्गले व्याख्या हुनु आवश्यक छ।

स्नातक तहको ऐच्छिक नेपालीमा त्रि.वि. को वर्तमान पाठ्यक्रमले निर्धारण गरेका पाँच ओटा उपन्यासहरूमा पनि विद्यार्थीलाई भिन्न भिन्न विषय र शिल्पको बोध र आस्वादन गराउने उद्देश्य राखेको देखिन्छ। लैनसिंह वाङ्गदेलको 'मुलुक बाहिर' उपन्यासले नेपाली उपन्यास परम्परामा प्रवासी नेपालीहरूको यथार्थ समस्या चित्रण गरेको छ। निम्नवर्गीय सामाजिक जीवनको प्रतिबिम्बन 'मुलुक बाहिर' को प्राप्ति हो भने पारिजातको 'अनिदो पहाडसँगै' उपन्यासमा वर्गीय समाजका विकृतिको अभिव्यञ्जना प्रकट गरिएको छ। विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' मा नारी अस्तित्व र स्वतन्त्रताको चित्रण वर्णन कलात्मक रूपमा गरिएको छ भने ध्रुवचन्द्र गौतमको 'अप्रिय' उपन्यासले विसङ्गत जीवनको चित्रण गरेको छ। नयनराज पाण्डेको 'उलार' उपन्यासमा तराईको परिवेशमा उच्चवर्गीय राजनेताले निम्नवर्गीय वादी जातिका पात्रहरूमाथि गरेको शोषण प्रस्तुत गरिएको छ। विवेच्य उपन्यासको अन्तर्वस्तु र रूपको वस्तुगत विश्लेषण गरी उपन्यास कसरी आस्वाद्य बनेको छ भन्ने समालोचकीय कौशल शिक्षकमा भयो भने मात्र विद्यार्थीलाई उपन्यासको बोध र आस्वादन गराउन सकिन्छ। यथार्थवादी उपन्यासकारले प्रयोग गर्ने सरल भाषा, मनोवैज्ञानिक उपन्यासकारले प्रयोग गर्ने प्रतीकात्मक शैली, प्रयोगवादी उपन्यासकारले प्रस्तुत गर्ने विसङ्गतिवादी जीवनदृष्टि तथा चेतनप्रवाह शैली, स्वैरकल्पनाको प्रयोग, मिथकीय प्रयोग, असित व्यङ्ग्य एवम् भाषिक नवीनता जस्ता शिल्पकौशल विद्यार्थीलाई सोदाहरण प्रस्तुत गर्न सकियो भने उपन्यास पठनप्रति विद्यार्थीको रुचि आकर्षित गर्न सकिन्छ। पाठ्य उपन्यासबाटै विद्यार्थीलाई उदाहरण खोज्न अभिप्रेरित र निर्देशित गर्न सक्नु उपन्यास शिक्षकको सफलता मानिन्छ।

उपन्यासकार तथा उपन्यासको विश्लेषण र मूल्याङ्कन शिक्षण गर्दा जीवनवृत्त, साहित्यिक प्रवृत्ति, विचार, व्यक्तित्वलाई पनि उपन्याससित गाँसेर प्रस्ट्याउनु उचित देखिन्छ। जस्तै उपन्यासकार लैनसिंह वाङ्देलको विशेषता र प्रवृत्तिको बोध गराई 'मुलुक बाहिर' उपन्यासको विश्लेषण गर्दा विद्यार्थीलाई नेपाली सामाजिक यथार्थवादी उपन्यासको प्रवर्तन गर्ने, चरित्र चित्रणलाई प्रधानता दिने, पात्रको बाह्यआन्तरिक चरित्रको द्वन्द्वको प्रधानतालाई महत्त्व दिने, स्थानीय रङ्गको प्रयोग गर्ने (दार्जिलिङको स्थानीय चित्रण), मानवीय संवेगको सूक्ष्म चित्रण गर्ने, कथानकको क्रमबद्ध प्रस्तुतिमा जोड दिने, सरल बोलचालको भाषा तथा स्तरीय भाषा प्रयोग गर्ने उपन्यासकारका रूपमा चिनाउनु उचित देखिन्छ। शिक्षणमा अमूर्त र असान्दर्भिक व्याख्यानले शिक्षण अरुचिकर बन्न जान्छ। विद्यार्थीलाई उदाहरण आफै खोज्न प्रोत्साहित गर्दै सहभागितामूलक शिक्षण गर्नु प्रभावकारी हुन्छ। उपन्यासको संरचनामा अनेक लघुघटकहरूको संयोजन हुने भएकाले यसलाई संरचनात्मक जटिलताले भरिएको साहित्यिक विधा मानिन्छ। अन्य साहित्यिक विधाका तुलनामा यसको विश्लेषण र मूल्याङ्कन अपेक्षाकृत जटिल देखिन्छ।

**निष्कर्ष**

उपन्यास साहित्यको नवीनतम विधा हो भन्ने व्याख्या माथि नै प्रस्तुत भइसकेको छ। साहित्यका विधाहरूको सिद्धान्त पुनर्निर्माण भइरहनु पर्दछ। उपन्यासको नवनव स्वरूपगत प्रयोगसँगै यसको सैद्धान्तिक पक्षको पनि परिमार्जन पुनर्निर्माण हुनु आवश्यक देखिन्छ। आधुनिक उपन्यासमा अनेक शैली देखिएका छन्। वर्णनात्मक उपन्यास, आत्मकथात्मक उपन्यास, डायरी उपन्यास, चेतन प्रवाह शैलीका उपन्यास जस्ता नवीन शिल्पपद्धतिमा आधारित उपन्यास देखिँदै गएका छन्। रूढ सिद्धान्तले नवीन शिल्पपद्धतिका उपन्यासको विश्लेषण ठिकसँग गर्न नसक्नाले पनि यसको शिक्षण चुनौतीपूर्ण भएको हो। निष्कर्ष प्राप्त भएको छ। वर्ष प्रतिवर्ष नवनव प्रयोग शैलीका उपन्यास प्रकाशित भइरहेका छन्। विधाभञ्जनको कारणले अनेक विधाका तत्त्वहरूको मिश्रण भइरहेको देखिन्छ। अहिले विविध प्रकारका प्रयोगशील उपन्यास देखिएका छन्। शिक्षकहरूले बहुपठित भएर नवीन शैलीका उपन्यासहरूको पनि सैद्धान्तिक आधार निर्माणमा सचेत हुनु जरुरी भएको छ।

जीवन र समाजका विविधता र जटिलतालाई सम्पूर्णताका साथ उद्घाटित गर्ने क्रममा उपन्यास विधा विषय, शिल्प, भाषा, समय, चरित्र आदि कुनै पनि प्रकारका सीमामा रहन नसक्ने भएकाले उपन्यासमा व्यापक विविधता देखिएको हो । यिनै स्वरूपगत विविधता, सैद्धान्तिक दृष्लि लचिलोपन, शैलीगत नवीनता तथा प्रयोगशीलता जस्ता कारणले उपन्यासको शिक्षण र विश्लेषण जटिल भएको हो भन्ने प्रस्तुत अधययनको मूल निष्कर्ष रहेको छ ।

### सन्दर्भ सामग्रीसूची

अब्रम्ज, एम.एच. (सन् १९९९). अ ग्लोसरी अफ लिटरेरी टर्म्स. (सातौँ संस्क.). इन्डिया ः अ हार्टकोर्ट पब्लिसर्स इन्टरनेसनल कम्पनी ।

कडन, जे.ए. (सन् १९९९). डिक्सनरी अफ लिटरेरी टर्म्स एण्ड लिटरेरी थियरी. (पाँचौँ संस्क.). इन्डिया ः पेङ्गुइन बुक्स ।

गडतौला, नारायणप्रसाद (२०७४). समकालीन नेपाली कविताको समाजशास्त्र. काठमाडौँ ः नेपाल प्रज्ञा प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०४०). कविता चर्चा. काठमाडौँ ः साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६६). साहित्य सिद्धान्त ः शोध तथा सिर्जनाविधि. काठमाडौँ ः पाठ्यसामग्री पसल ।

दाहाल, मोहनप्रसाद (२०५५). “उपन्यास”. नेपाली साहित्य कोश. सम्पा. ईश्वर बराल र अन्य. काठमाडौँ ः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. १३९ ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६). उपन्यास सिद्धान्त र नेपाली उपन्यास. ललितपुर ः साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५). समकालीन समालोचना सिद्धान्त र प्रयोग. काठमाडौँ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।